# आकाशवाणी समाचार- नेपाली

मितिः १६ फरवरी २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

1. प्रधानमन्त्री नरेन्द्र मोदीले आगामी दशकका लागि तीन प्राथमिकताहरू थप संरचनात्मक सुधार, नवप्रवर्तनलाई प्रोत्साहन र सरलीकृत शासनलाई पहिचान गर्नुभएको छ।

2. प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा इंडिया एआई इम्पैक्ट प्रदर्शनीको उद्घाटन गर्नुहुनेछ।

3. सहकारी क्षेत्रमा प्रमुख सुधार र विस्तार योजनाहरूको समीक्षा गर्न गुजरातको गान्धीनगरमा 'मंथन बैठक' केन्द्रीय गृह तथा सहकारी मन्त्री अमित शाहको अध्यक्षतामा आयोजना हुने भएको छ।

4. चुनाव आयोगले अनियमितताको आरोपमा पश्चिम बंगालका सात सहायक निर्वाचन पंजीकरण अधिकारीहरू विरुद्ध अनुशासनात्मक कारबाहीको आदेश दिएको छ।

5. आईसीसी टी-२० क्रिकेट विश्वकपमा भारतले पाकिस्तानलाई ६१ रनले पराजित गर्दै सुपर आठमा स्थान बनाएको छ।

**प्रधानमंत्री - साक्षात्कार-पीटीआई**

प्रधानमन्त्री नरेन्द्र मोदीले आगामी दशकका लागि तीन प्राथमिकताहरू थप संरचनात्मक सुधार, नवप्रवर्तनलाई प्रोत्साहन र सरलीकृत शासनलाई पहिचान गर्नुभएको छ। एक अन्तर्वार्तामा, श्री मोदीले भन्नुभयो, उहाँको सरकारको "सुधार एक्सप्रेस" ले आम नागरिकहरूलाई व्यापक लाभ प्रदान गरिरहेको छ। प्रधानमन्त्रीले भन्नु भयो, यस वर्षको केन्द्रीय बजेटले विकसित राष्ट्र बन्ने भारतको आकांक्षालाई प्रतिबिम्बित गर्दछ। उहाँले भन्नु भयो, बजेट जबरजस्ती 'अभी या कभी नहीं' क्षण होइन, तर तयारी र प्रेरणाद्वारा संचालित "हामी तयार छौं" को क्षण हो। उहाँले भन्नु भयो, एक दशकको रक्षा सुधारका फाइदाहरू अपरेशन सिन्दूरको समयमा स्पष्ट रूपमा देखिन्थ्यो। प्रधानमन्त्रीले भन्नु भयो, सुरक्षा चुनौतीहरूको सामना गर्न भारत सधैं तयार हुनुपर्छ। उहाँले भन्नु भयो, विश्वमा बढ्दो रूपमा महत्त्वपूर्ण भूमिका खेल्ने देशको रूपमा, भारतको कर्तव्य वर्तमान परिस्थितिहरू अनुरूप आफ्नो रक्षा क्षेत्रलाई आधुनिकीकरण गर्नु हो। प्रधानमन्त्रीले भन्नु भयो, यस वर्षको केन्द्रीय बजेटले रक्षा क्षेत्रको लागि सात लाख 85 हजार करोड रुपियाँ आवन्टन गरेको छ। श्री मोदीले भन्नु भयो, यो आवन्टन अघिल्लो बजेटभन्दा १५ प्रतिशत बढी छ। उहाँले भन्नु भयो, यो कुनै पनि मन्त्रालय वा विभागलाई दिइएको अहिलेसम्मकै सबैभन्दा ठूलो आवन्टन हो।

प्रधानमन्त्रीले भन्नुभयो, बजेटमा घोषणा गरिएका कर प्रोत्साहनहरू यस क्षेत्रमा लगानीलाई तीव्र पार्न, उन्नत सुविधाहरू निर्माणको लागत घटाउन र भारतलाई डाटा पूर्वाधारको लागि विश्वव्यापी रूपमा प्रतिस्पर्धी गन्तव्यको रूपमा स्थापित गर्न डिजाइन गरिएको हो। उहाँले विश्वका सबै डेटा भारतमा स्थानान्तरण गर्न आह्वान गर्नु भयो। श्री मोदीले भन्नु भयो, बजेटमा घोषणा गरिएका कर प्रोत्साहनहरू यस क्षेत्रमा लगानीलाई तीव्र पार्न, उन्नत सुविधाहरू निर्माणको लागत घटाउन र भारतलाई डाटा पूर्वाधारको लागि विश्वव्यापी रूपमा प्रतिस्पर्धी गन्तव्यको रूपमा स्थापित गर्न डिजाइन गरिएको हो। प्रधानमन्त्रीले भन्नु भयो, विकसित भारत निर्माणमा महिलाहरूले महत्त्वपूर्ण भूमिका खेल्नेछन् र सरकारको प्रयासले उनीहरूलाई सशक्त बनाउनेछ।

**प्रधानमन्त्री - भारत एआई एक्स्पो २०२६**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा इंडिया एआई इम्पैक्ट प्रदर्शनीको उद्घाटन गर्नुहुनेछ। पाँच दिने प्रदर्शनी इंडिया एआई इम्पैक्ट सम्मेलनसँगै आयोजना हुँदैछ। अष्ट्रेलिया, जापान, रूस, संयुक्त अधिराज्य, फ्रान्स, जर्मनी, इटाली, नेदरल्याण्ड्स, स्विट्जरल्याण्ड, सर्बिया, इस्टोनिया, ताजिकिस्तान र अफ्रिका लगायत १३ देशका मण्डपहरू प्रस्तुत गरिनेछन्।प्रदर्शनीमा विभिन्न क्षेत्रहरूमा आर्टिफिशियल इंटेलीजेंसको परिवर्तनकारी प्रभावलाई हाइलाइट गर्ने र भविष्यका कार्यहरूबारे छलफल गर्ने ५०० भन्दा बढी सत्रहरू हुनेछन्। इंडिया एआई इम्पैक्ट प्रदर्शनी अन्तर्राष्ट्रिय प्रतिनिधिहरू सहित दुई लाख पचास हजारभन्दा बढी आगन्तुकहरू आकर्षित हुने अपेक्षा गरिएको छ।

**दिल्ली यातायात परामर्श**

आजदेखि नयाँ दिल्लीमा सुरु हुने एआई इम्प्याक्ट समिटको सम्बन्धमा **यातायात परामर्श** जारी गरिएको छ। परामर्श अनुसार, भारत मण्डपम र सुष्मा स्वराज भवनमा शिखर सम्मेलन हुने भएकाले मानिसहरूलाई सार्वजनिक यातायात प्रयोग गर्न सल्लाह दिइएको छ। कार्यक्रमको सहज सञ्चालनका लागि सुरक्षाकर्मीहरूसँग सहयोग गर्न पनि मानिसहरूलाई आग्रह गरिएको छ। यसैबीच, दिल्ली ट्राफिक पुलिसले शिखर सम्मेलनको समयमा भारत मण्डपम नजिकैका धेरै सडकहरूमा प्रतिबन्धहरू लागू हुने पनि बताएको छ। परामर्श अनुसार, सुभाषचन्द्र मार्ग टी-पोइन्टदेखि लोधी रोड फ्लाईओभरसम्म मथुरा रोड, सुब्रमण्यम भारती मार्ग, राजेश पायलट मार्ग, तीस जनवरी मार्ग, अकबर रोड, तीन मूर्ति मार्ग, मदर टेरेसा क्रिसेन्ट, जनपथ र फिरोज शाह रोड जस्ता सडकहरूमा कडा नियमहरू लागू हुनेछन्। ट्राफिक पुलिसले मानिसहरूलाई यी मार्गहरूबाट बच्न र वैकल्पिक मार्गहरू र मेट्रो प्रयोग गर्न आग्रह गरेको छ।

**अमित शाह - सहकारी मन्त्री**

सहकारी क्षेत्रमा प्रमुख सुधार र विस्तार योजनाहरूको समीक्षा गर्न मंगलबार गुजरातको गान्धीनगरमा सबै राज्य र केन्द्र शासित प्रदेशका सहकारी मन्त्रीहरूको उच्चस्तरीय बैठक आयोजना गरिनेछ। यी योजनाहरूमा देशभरि दुई लाख नयाँ सहकारी संस्थाहरूको स्थापनाको प्रस्ताव समावेश छ। 'मंथन बैठक' केन्द्रीय गृह तथा सहकारी मन्त्री अमित शाहको अध्यक्षतामा महात्मा मन्दिर कन्भेन्सन सेन्टरमा हुनेछ। देशभरका सहकारी मन्त्रीहरू, अतिरिक्त मुख्य सचिवहरू, प्रमुख सचिवहरू र सचिवहरू जस्ता वरिष्ठ अधिकारीहरू उपस्थित हुने अपेक्षा गरिएको छ।

**पश्चिम बंगाल - निर्वाचन आयोग - अनुशासनात्मक कारबाही**

चुनाव आयोगले अनियमितताको आरोपमा पश्चिम बंगालका सात सहायक निर्वाचन पंजीकरण अधिकारीहरू विरुद्ध अनुशासनात्मक कारबाहीको आदेश दिएको छ। यी अधिकारीहरूमा क्यानिंग पूर्वाका दुई र सुती, मैनागुडी, शमशेरगंज, डेबरा र फराक्का निर्वाचन क्षेत्रका एक-एकजना समावेश छन्। आयोगले राज्यका मुख्य सचिव नन्दिनी चक्रवर्तीलाई लेखेको पत्रमा यी सात अधिकारीहरू विरुद्ध कारबाहीको निर्देशन दिएको छ। पत्रमा स्पष्ट रूपमा भनिएको छ, एसआइआर प्रक्रियामा संलग्न यी अधिकारीहरूले गम्भीर दुर्व्यवहार, कर्तव्य पालनामा लापरवाही र वैधानिक अधिकारको दुरुपयोगको प्रमाण फेला पारेका छन्। यसैबीच, सर्वोच्च अदालतको ९ फरवरीको निर्देशनको पालनामा, निर्वाचन आयोगले एसआइआर प्रक्रियासँग सम्बन्धित सबै आपत्तिहरूको निपटारा गर्ने सम्बन्धमा कडा सन्देश जारी गरेको छ। राज्यका मुख्य निर्वाचन अधिकारीलाई लेखिएको छुट्टै पत्रमा, पेश गरिएका सबै फारम-७ तुरुन्तै सम्बन्धित ईआरओ र एईआरओहरूलाई पठाउनुपर्ने उल्लेख गरिएको छ। प्रत्येक आपत्तिलाई कानून अनुसार कडाइका साथ सम्बोधन गरिनुपर्छ।

**गेट्स-अमरावती**

माइक्रोसफ्टका संस्थापक बिल गेट्स आज अमरावतीको भ्रमणमा आउनुहुनेछ। उहाँले आन्ध्र प्रदेशका मुख्यमन्त्री एन. चन्द्रबाबु नायडूसँग स्वास्थ्य र कृत्रिम बुद्धिमत्ता सम्बन्धी पहलहरूमा सहयोग विस्तार गर्ने बारेमा छलफल गर्नुहुनेछ। आन्ध्र प्रदेशका मन्त्री पी. नारायणले भन्नुभयो, श्री गेट्स आज बिहान १० बजेतिर राज्य सचिवालयमा आइपुग्नु हुनेछ। उहाँले मुख्यमन्त्री श्री नायडू, सूचना प्रविधि मन्त्री नारा लोकेश र उप मुख्यमन्त्री पवन कल्याणलाई भेट्ने अपेक्षा गरिएको छ। गेट्स

फाउन्डेसनले चित्तूर जिल्लाको कुप्पममा स्वास्थ्य सम्बन्धी परियोजनाहरूमा काम गरिरहेको छ र प्रस्तावित वार्तामा दक्षिणी राज्यभरि व्यापक जनसंख्यामा पुग्न यी पहलहरूलाई विस्तार गर्ने बारेमा छलफल गरिनेछ। त्यसपछि श्री नायडूले "स्वर्ण आंध्र 2047" दृष्टिकोणमा प्रस्तुति दिनुहुनेछ, जसले चिकित्सा प्रविधि, निदान सेवाहरू र संजीवनी भनिने स्वास्थ्य रेकर्ड प्रणाली लगायत विभिन्न क्षेत्रहरूमा गरिएका सुधारहरूलाई प्रकाश पार्नेछ।

## सेना प्रमुख अष्ट्रेलिया भ्रमणमा

सेना प्रमुख जनरल उपेन्द्र द्विवेदी आज चार दिने अष्ट्रेलिया भ्रमणका लागि प्रस्थान गर्नु हुन्दैछ । रक्षा मन्त्रालयले यो भ्रमणको उद्देश्य भारत-अष्ट्रेलिया रक्षा सहयोगलाई अझ सुदृढ पार्नु र दुई देशहरूबीचको पारस्परिक समन्वय बढाउनु रहेको बताएको छ। भ्रमणको क्रममा, सेना प्रमुखले अष्ट्रेलियाली रक्षा बलको वरिष्ठ नेतृत्वसँग व्यापक छलफल गर्नेछन्, ।

## टी-२० क्रिकेट विश्वकप

आईसीसी टी-२० क्रिकेट विश्वकपमा भारतले पाकिस्तानलाई ६१ रनले पराजित गर्दै सुपर आठमा स्थान बनाएको छ। हिजो कोलम्बोमा पहिले ब्याटिङ गर्दै भारतले निर्धारित २० ओभरमा सात विकेट गुमाएर १७५ रन बनाएको थियो। इशान किशनले ७७ र कप्तान सूर्यकुमार यादवले ३२ रन बनाएका थिए। १७६ रनको लक्ष्यको जवाफमा पाकिस्तान १८ ओभरमा ११४ रनमा अलआउट भएको थियो। पाकिस्तानका लागि उस्मान खानले सर्वाधिक ४४ रन बनाए। भारतका लागि जसप्रीत बुमराह, अक्षर पटेल, वरुण चक्रवर्ती र हार्दिक पाण्ड्याले दुई-दुई विकेट लिए भने कुलदीप यादव र तिलक वर्माले एक-एक विकेट लिए। आईसीसी टी-२० क्रिकेट विश्वकपमा आज तीन म्याच खेलिनेछन्। दिल्लीमा पहिलो म्याच बिहान ११ बजे अफगानिस्तान र संयुक्त अरब इमिरेट्सबीच खेलिनेछ। कोलकातामा हुने अर्को म्याचमा इङ्गल्याण्डले दिउँसो ३ बजे इटालीको सामना गर्नेछ। अष्ट्रेलियाले श्रीलंकाको पल्लेकलमा साँझ ७ बजेदेखि श्रीलंकाको सामना गर्नेछ।